# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, असार १ गते २०३३ साल [अतिरिक्ताङ्क ७+(क)

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उप–नियम (१) बमोजिम राष्ट्रऋण उठाउन ऋणपत्र निष्काशित गरेको छ।

सो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, व्याजको दर, व्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ।

१. ऋणको नाम:– यस ऋणको नाम "विकासऋण २०३८" रहेको छ।

२. ऋणको उद्देश्य:– विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ।

३. निष्काशित ऋणको रकम:– यो ऋणको जम्मा रकम रू. ५,००,००,०००।– (रू. पाँच करोड मात्र) को हुनेछ।

४. ऋणको व्ययभार:– यो ऋणको व्ययभार श्री ५ को सरकारको संचित कोषप्रति हुनेछ।

११५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. ऋणपत्रको प्रकार:– यो ऋणको ऋणपत्र कम्तिमा रू. २५।– वा २५।– को (Multiple)ले भाग गर्दा निशेष हुने अंकको स्टक वा २५।–, ५०।–, १००।–, १,०००।–, १०,०००।– वा १,००,०००।– दरको प्रमिसरी नोटको रूपमा लिन पाइनेछ ।

६. ऋणपत्र बिक्री अवधि:– यो ऋणपत्रहरूको बिक्री अवधि २०३३ साल आषाढ १ गतेदेखि ऐ. १५ गतेसम्मको हुनेछ तर आवश्यक देखिएमा सो समय अगावै पनि बिक्री बन्द गर्न सकिनेछ ।

७. ऋणपत्रको बिक्री मूल्य:– ऋणपत्रमा उल्लेख गरेबमोजिम पूरापुर मूल्यमा ऋणपत्रहरू बिक्री हुनेछ ।

८. ऋणपत्र खरीद गर्न दरखास्त दिनुपर्ने:–

(१) ऋणपत्र खरीद गर्नको लागि नेपाल राष्ट्र बैंङ्कले तोकिदिएको ढाँचामा राष्ट्र बैंङ्क वा त्यसको एजेण्टसरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

(२) उप–दफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरीद गर्न चाहेको छ। त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसीद दरखास्त साथै पेश गर्नु पर्नेछ।

(३) दरखास्त फारम नि:शुल्क पाइनेछ ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकार:– चाहिएकोभन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ ।

१०. बाँडफाँड गर्ने अधिकार:– प्राप्त ऋणपत्रहरूको बाँडफाँड गर्ने अधिकार राष्ट्र बैङ्कलाई प्रदान गरिएको छ ।

११. स्वीकृत नभएको ऋण फिर्ता हुने:– स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैङ्कबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ ।यसरी फिर्ता भएको रकममा ब्याज दिइने छैन।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिने:– स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालाको मागअनुसार दिइनेछ । दरखास्तवालाले सो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टक कै रूपमा दिइनेछ।

१३. ऋणको ब्याज:– ऋणको ब्याज राष्ट्र बैंङ्क वा सो बैंङ्कका एजेण्टसरह भै काम गर्ने अन्य कार्यालयले रकम बुझेर लिएको मितिदेखि नै वार्षिक सयकडा १० का दरले दिइनेछ ।

१४. ऋणको साँवाको भुक्तानी:– यो ऋणको साँवाको भुक्तानी २०३८ साल आषाढ १५ गतेपछि दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९६

१५. ऋणको भुक्तानी दिने ठाउँः— यो ऋणको साँवा र व्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैङ्क वा त्यसको एजेण्टमार्फत भुक्तानी दिइनेछ ।

१६. ऋणसम्बन्धी व्यवस्थाः— यो ऋणको व्यवस्था र तत्सम्बन्धित सबै कारवाई नेपाल राष्ट्र बैङ्कको राष्ट्रऋण विभागले गर्नेछ ।

१७. ऋणपत्र खरीद गर्ने अधिकारः— यस ऋणको ऋणपत्रहरू खरीद गर्ने अधिकार जुनसुकै व्यक्तिलाई पनि हुनेछ ।

१८. कर नलाग्नेः— यो ऋणबाट प्राप्त व्याजमा कर छुट् दिइएको छ ।

१९. ऋणसम्बन्धी कानूनी कारवाईः— यो ऋणसम्बन्धी कानूनी कारवाई प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आज्ञाले—
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

११८

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।